लिखु तामाकोशी गाँउपालिका

# गाँउकार्यपालिकाको कार्यालय

## धोबीबजार, रामेछाप

बागमती प्रदेश, नेपाल

# स्वास्थ्यकर्मी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/०६/२९**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय प.सं.४२/०७६ च.नं.म.स.सं./३२२/२६९६ मिति २०७६/०७/२४ र मं.बै./३२१/३५७० मिति २०७६/०८/३० तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा) सिंहदरबार, काठमाडौंको च.नं.३६ मिति २०७६/०९/०४ गतेको पत्रबाट प्राप्त भएको **चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा ३** बमोजिम तथा लिखु तामाकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, धोबीबजार रामेछापको यही मिति २०७७/०६/१८ गतेको नियमित गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत **लिखु तामाकोशी गाउँपालिकामा करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा ३** अनुसार देहाय बमोजिमको पदमा करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकाले व्यक्तिगत विवरण (CV), नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्ताको प्रमाणपत्र तथा अन्य आवश्यक (कार्य अनुभव भए सो समेत) कागजातहरुको प्रतिलिपिहरु संलग्न राखी इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीसौं) औं दिन २०७७/०७/२८ गते कार्यालय समयभित्र तपसिल बमोजिमका शर्तहरु तथा बन्देजहरुको अधीनमा रही रीतपूर्वकको आवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद/ तह/श्रेणी | न्यूनतम शैक्षिक योग्यता | पद सङ्ख्या | सेवा सुविधा | दरखास्त बुझाउने अन्तिम मिति | परीक्षा दस्तुर | लिखित परीक्षा मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०३/२०७७/०७८ | मेडिकल अधिकृत ( आठौं तह वा सो सरह) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा चिकित्सा ( एम.बी.बी.एस.) उत्तीर्ण गरी स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको तथा स्वास्थ्य सेवा ऐन, २०५३ | १ (एक) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु.१०००।- | २०७७/०८/१० |

# लिखु तामाकोशी गाँउपालिका
# गाँउकार्यपालिकाको कार्यालय
## धोबीबजार, रामेछाप
बागमती प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | बमोजिम अयोग्य नभएको | | | | | |
| २. | ०४/२०७७/०७८ | हे.अ.(पाँचौं तह वा सो सरह) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा हे.अ. उत्तीर्ण गरी स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको तथा स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम अयोग्य नभएको | ४ (चार) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु.६००।- | २०७७/०८/१० |
| ३. | ०५/२०७७/०७८ | स्टाफ नर्स ( पाँचौं तह वा सो सरह) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्टाफ नर्स उत्तीर्ण गरी नेपाल नर्सिङ परिषद्मा दर्ता भएको तथा स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम अयोग्य नभएको | १ (एक) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु.६००।- | २०७७/०८/१० |
| ४. | ०६/२०७७/०७८ | अ.हे.व. ( चौथो तह वा सो सरह) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा अ.हे.व. उत्तीर्ण गरी स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको तथा स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम अयोग्य नभएको | ५ (पाँच) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु.५००।- | २०७७/०८/१० |
| ५. | ०७/२०७७/७८ | अ.न.मि.( चौथो तह वा सो सरह) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा अ.न.मि. उत्तीर्ण गरी नेपाल नर्सिङ परिषद्मा दर्ता भएको तथा स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम अयोग्य नभएको | ४ (चार) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु.५००।- | २०७७/०८/१० |

**शर्तहरु:**

**१. करार अवधि :** प्रदेश लोक सेवा आयोगबाट स्थायी पदपूर्ति नहुँदासम्म वा २०७८ आषाढ मसान्तसम्म (अन्यथा नियमानुसार करार अवधि थप हुन सक्ने)

लिखु तामाकोशी गाँउपालिका

# गाँउकार्यपालिकाको कार्यालय

## धोबीबजार, रामेछाप

बागमती प्रदेश, नेपाल

२. **दरखास्त पेश गर्ने तरिका :** माथि उल्लेखित आवश्यक कागज पत्रहरु साथै लोकसेवा आयोगको वेभसाइट www.psc.gov.np को डाउनलोड ट्याबबाट दरखास्त फारामहरु डाउनलोड गरी प्रिन्ट गरी २ प्रति फोटो टाँस्ने र यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेड, लिखु तामाकोशी शाखा, धोबीबजार, रामेछापको शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ०७००१४००२५००१६ मा वा नेपालभर जहाँ तहीँबाटको बैंकशाखाबाट उक्त खाता नं. मा आवेदन दस्तुर जम्मा गरेको सक्कलै भौचर समेत संलग्न राखी अन्तिम मिति २०७७/०७/२८ गते कार्यालय समय सम्ममा कार्यालयमा आइ पुग्ने गरी यसै गाउँपालिकाको अफिसियल इमेल ito.likhuramechhapmun@gmail.com मार्फत वा स्वयम् उपस्थित भई आवेदन दिनु पर्नेछ ।

३. **परीक्षाको किसिम :** लिखित र अन्तरवार्ता

४. **परीक्षा केन्द्र :** लिखु तामाकोशी गाउँकार्यपालिकाको कार्यालय, धोबीबजार, रामेछाप ।

५. **उम्मेदवारको उमेरको हद :** २०७७/०७/२८ गतेसम्म अधिकृत स्तरको पदको हकमा २१ वर्ष पूरा भई ४० वर्ष (पुरुष उम्मेदवारको हकमा) तथा २१ वर्ष पूरा भई ४५ वर्ष (महिला उम्मेदवारको हकमा) ननाघेको र अन्य तहको पदको हकमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

६. **पदमा रही काम गर्नु पर्ने विवरण र काम गर्नु पर्ने स्थान :** प्रचलित कानुन बमोजिमको सेवा, समूह सम्बन्धी र गाउँपालिकाले तोके बमोजिम ।

७. **उम्मेदवार छनौटका आधारहरु :** लोकसेवा आयोगको पाठ्यक्रम र मापदण्ड बमोजिम लिखित र अन्तरवार्ता ।

८. **अन्तरवार्ता मिति :** २०७७/०८/११ गते बिहीबार (लिखित परीक्षामा सफल उम्मेदवारले अन्तरवार्ता दिन आउँदा सक्कल प्रमाण पत्र लिई आउनु पर्नेछ ।)

९. तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको, रीतपूर्वक नभएको (सम्बन्धित परिषद्मा दर्ता नभएको वा नवीकरण नभएको) वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त उपर कुनै कारबाही हुने छैन वा स्वीकृत गरिने छैन ।

१०. **पाठ्यक्रम :** लोक सेवा आयोगको Website : www.psc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

११. सूचनामा उल्लेख भएको विषयहरु बाहेक अन्य विषयहरुको हकमा पदपूर्ति/छनौट तथा सिफारिस समितिमा सम्पूर्ण अधिकार निहीत रहनेछ । साथै अन्य केही कुरा बुझ्नु परेमा तथा दरखास्त दिएका उम्मेदवारहरुले दरखास्त दिए पश्चात् निरन्तर सम्पर्कमा रहन कार्यालय समयभित्र ९८४४२०१०६२/९८४००३१५३९ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**